# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं: २०८१/०८२ मिति :२०८२/०२/०७
च.नं.: ४०५६

विषय: राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८१ मा सहभागिता सम्बन्धमा ।

श्री सम्पूर्ण सार्वजनिक तथा निजी लगानीका विद्यालयहरू,
बर्दघाट नगरपालिका, नवलपरासी (ब.सु.प.)।

प्रस्तुत विषयमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२/०२/०६ गतेको निर्णयअनुसार **बर्दघाट नगरपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८१** तपसिलबमोजिम सञ्चालन हुने भएकाले यस नगरपालिकास्थित सम्पूर्ण सार्वजनिक र निजी लगानीका विद्यालयहरूलाई सहभागिताको लागि अनुरोध छ ।

<u>तपसिल:</u>

१.खेल सञ्चालन हुने मिति, समय र स्थान

- मिति: २०८२/०२/१६ देखि १८ गतेसम्म
- समय: बिहान ७:०० बजे देखि ११ बजे सम्म दिउँसो ४ बजे देखि ६ बजे सम्म
- स्थान: शान्ति निकुञ्ज रेवती गौमाता गौतम मावि, बर्दघाट-५

२.प्रतियोगितामा सञ्चालन हुने इभेन्टहरू:

क.भलिबल :- छात्रा/छात्र दुवै ९/९ जनामात्र

ख.कबड्डी :- छात्रा/छात्र दुवै ९/९ जनामात्र

ग. खो खो: छात्रा/छात्र दुवै १२/१२ जनामात्र

ग.मार्सल आर्टतर्फ:

- तेक्वान्दो:

  छात्र :- ४५ केजी मुनी, ४८ केजी मुनी, ५१ केजी मुनि, ५५ केजी मुनि, ५९ केजी मुनि समूह र एकल पुम्से

  छात्रा :- ४२ केजी मुनी, ४४ केजी मुनी, ४६ केजी मुनि, ४९ केजी मुनि, ५२ केजी मुनि समूह र एकल पुम्से

- कराँते:

  छात्र :- ४२ केजी मुनी, ४७ केजी मुनी, ५२ केजी मुनि, ५७ केजी मुनि, ६२ केजी मुनि समूह, काता (एकल)

  छात्रा :- ४० केजी मुनी, ४५ केजी मुनी, ५० केजी मुनि, ५५ केजी मुनि, ६० केजी मुनि समूह, काता (एकल)

- उसु:

  थाओलु तर्फ:

  छात्र :- Chang Quan, Nan Quan, and Taiji Quan

  छात्रा :- Chang Quan, Nan Quan, and Taiji Quan

  सान्सौ तर्फ:

  छात्र :- ४२ केजी, ४५ केजी, ४५ केजी

२०८२/०२/८
प्रमुख प्रशासकीय अधिकृत


कार्यालय फो नं.: +९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np

छात्रा :- ४२ केजी, ४५ केजी, ४५ केजी

घ.एथ्लेटिक्स

- दौड (ट्रयाकतर्फ) :- १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि. रिले, ४x४०० मि. रिले (छात्रा, छात्र दुवै)
- उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ :-

छात्र :- हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटपुट थ्रो १२ पाउण्ड र ज्याभलिङ थ्रो ८०० ग्राम

छात्रा :- हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटपुट थ्रो ८ पाउण्ड र ज्याभ्लिन थ्रो ६०० ग्राम

ङ.ITF तेक्वान्दो (ऐच्छिक खेलको रूपमा)

छात्र :- ४५ केजी मुनी, ४८ केजी मुनी, ५१ केजी मुनि

छात्रा :- ४२ केजी मुनी, ४४ केजी मुनी, ४६ केजी मुनि

३. खेलका नियमहरू:

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौ संशोधन २०८०/८/११) अनुसार खेल खेलाइने छ । ITF तेक्वान्दोलाई ऐच्छिक खेलको रूपमा खेलाइने छ ।
- चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रूपमा अध्ययन गरिरहेका मिति २०८२/०२/१६ गते सम्ममा १८ वर्ष मुनि उमेर भएका विद्यार्थीहरूमात्र खेलकुद प्रतियोगितामा सहभागी हुनसक्ने छन् । विद्यालयको परिचयपत्र अनिवार्य साथमा हुनुपर्ने छ ।
- प्रतियोगितामा सहभागी खेलाडिको दर्ता २०८२/०२/१४ गते १ बजेभित्र प्रतियोगिता सञ्चालन हुने विद्यालयमा गरी सक्नुपर्ने छ ।खेलाडीको नाम दर्ता गराउँदा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौ संशोधन) को अनुसूची १ बमोजिमको फाराम (यसैसाथ संलग्न गरिएको) भरी बुझाउनुपर्ने छ । फाराममा विद्यार्थीको फोटो टाँसी प्रअले विद्यालयको छापसहित प्रमाणित गरी अनिवार्य रूपमा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने छ । अन्यथा फाराम दर्ता हुने छैन ।
- सहभागी खेलाडी विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा कक्षा ८ को ग्रेडसिटमा उल्लिखित जन्ममितिलाई आधार मानिने छ । साथै विद्यार्थीको वैधता सम्बन्धमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जवाफदेही हुने छ ।
- प्रतियोगितामा सहभागी खेलाडी एथलेटिक्सतर्फ छात्र/छात्रा दुवै इभेन्टमा एकजना खेलाडीले दुई फिल्ड एक ट्रयाक तथा एक फिल्ड दुई ट्रयाक इभेन्टमात्र खेल्न पाउने छ ।यो बुदा रिलेमा मान्य हुने छैन ।
- प्रतियोगितामा सहभागी हुने प्रत्येक विद्यालयबाट प्रधानाध्यापक खेल शिक्षक तथा सहभागी खेलाडी विद्यालयको झन्डा र विद्यालयको पोसाकमा अनिवार्य रूपमा मार्चपासमा भाग लिनु पर्ने छ । उत्कृष्ट मार्सपासलाई पुरस्कृत गरिने छ ।
- सहभागी हुने विद्यालयले प्रतियोगिता सञ्चालन गर्ने विद्यालयलाई प्रवेश शुल्कबापत रु १,००० भुक्तान गर्नुपर्ने छ। सहभागी खेलाडी विद्यार्थीहरूका लागि खेलअनुसारको पोसाक र खाजाको व्यवस्था सम्बन्धित विद्यालयले नै गर्नुपर्ने छ ।

२०८२/०२/१०
प्रमुख प्रशासकीय अधिकृत

- प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय र खेलाडीलाई नगद पुरस्कार, शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ । साथै समग्रमा प्रथम हुनेलाई नगद पुरस्कारका साथै रनिङ शिल्डसमेत प्रदान गरिने छ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अघिल्लो वर्षको शिल्ड विजयीलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइने छ । तर लगातार तीन पटकसम्म रनिङ शिल्ड प्रतियोगितामा विजयी हुनेले सो शिल्ड राख्न पाउने छ ।
- प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम् प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिने छ । मापदण्ड विपरितका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारबाही स्वरूप बाँकी सबै इभेन्टमा सहभागी गराउने छैन । टिम गेमको हकमा पनि सोही नियम लागु हुने छ ।

पुनश्च: प्रतियोगितासम्बन्धी थप जानकारीको लागि **www.moys.gov.np** मा लगइन गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौ संशोधन मिति २०८०/०८/११) हेर्न सकिने छ। थप जानकारीको आयोजक विद्यालय प्रअ विनोद खनाल, सम्पर्क नं. ९८५७०३०२५५।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री सूचना तथा सञ्चार प्रविधि शाखा: कार्यालयको वेभसाट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।

## अनुसूची-१
## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमूना**

१. सहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम / ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।